# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




विहादी गाउँपालिका, पर्बतको सातौं स्थापना दिवसको अवसरमा लामो समय स्वास्थ्य शाखा प्रमुख रही काम गर्नु भएका प्रमुख प्रशासकिय अधिकृत हरि प्रसाद भुसाल सहित बाच्छा स्वास्थ्य चौकी इन्चार्ज खिम कोइराला, बराचौर स्वास्थ्य चौकी प्रमुख भूपेन्द्र पौडेल, विहादी स्वास्थ्य चौकी प्रमुख विमल शर्मा तथा वहाकी र शालिग्राम स्वास्थ्य चौकीका सिअनमी विद्या भट्टराई र बेली क्षेत्री उत्कृष्ठ कर्मचारीको रूपमा सम्मानित हुनुभएको छ।



संक्रामक तथा सरुवा रोग अस्पतालको हेमोडायलाईसीस केन्द्रमा मध्यबिन्दु जिल्ला अस्पतालका ४ जना स्टाफ नर्सहरुको हेमोडायलाईसीस सम्बन्धि छोटो तालिम सम्पन्न भएको छ। यस तालिममा डाक्टर संजय सापकोटा, बेलिसरा थापा र सरला गोदार लगायतको टिमले सहजीकरण गर्नु भएको थियो।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा आधारभूत स्वास्थ्य सेवा, स्तरीय उपचार पद्दति (Basic Health services, Standard Treatment Protocal) को अभिमुखीकरण कार्यक्रम स्वास्थ्य कार्यालय, पर्बतका कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षतामा र पर्वत अस्पतालका मेसु डाक्टर हेमन्त बास्तोलाको प्रमूख आतिथ्यतामा सम्पन्न भएको छ। उक्त कार्यक्रमलाई पर्वत अस्पतालका मे.सु डाक्टर हेमन्त बाँस्तोला, मादी गाउँपालिका थुम्सिकोट प्राथामिक स्वास्थ्य केन्द्र कास्कीका डाक्टर विनोद बराल, महाशिला आधारभुत अस्पताल पर्बतका मे.अ डाक्टर दिवस अधिकारी, मोदी गाउँपालिकाका कविराज प्रकाश चन्द्र सुवेदीले प्रशिक्षण गर्नु भएको थियो भने जिल्लाका बिभिन्न पालिकाबाट ३० जना स्वास्थ्यकर्मीहरुको सक्रिय सहभागिता रहेको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




कार्यालय प्रमुखहरुको नियमित वैठक धौलागिरी अस्पताल, बाग्लुङ्गमा सम्पन्न भएको छ। जिल्ला प्रशासन कार्यालय बागलुङको आयोजना र धौलागिरी अस्पतालको व्यवस्थापनमा भएको उक्त वैठकमा जिल्लाका सवै कार्यालय प्रमुख एवं प्रतिनिधिहरु उपस्थित हुनु भएको थियो। जिल्ला समन्वय समितिका प्रमुख अमर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा विशिष्ट अतिथिको रुपमा भुमि आयोग बागलुङका अध्यक्ष धर्म कुवर रहनु भएको थियो। उक्त वैठकमा यस अस्पतालका कन्सल्टेन्ट जनरल फिजिसियन डाक्टर अभिशेष वाग्लेले Dementia रोगको वारेमा जानकारी गराउनु भएको थियो।



जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, मुस्ताङ्गको आयोजनामा कार्यालयका कर्मचारीहरूलाई संगठित रूपमा योग संचालन (Corporate Yoga) अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजना तथा पर्वत अस्पतालको समन्वयमा अस्पतालमा कार्यरत प्रसुति सेवा प्रदायकहरको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम सम्पन्न भएको छ। जसमा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, Pre eclampsia / Eclampsia को व्यवस्थापन, Condom tamponade, Kangaroo mother care, निशासिएको शिशुको व्यवस्थापन, recording reporting जस्ता विषयमा ज्ञान् सिप को बिकास गरिएको छ। Onsite coaching मा सहभागी ४ जना सेवा प्रदायकहरुलाई २ जना मेन्टर (तालीम प्राप्त दक्ष स्वास्थ्यकर्मी) हरुले प्रशिक्षण गर्नु भएको छ। प्रशिक्षण पर्वत अस्पतालका वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक सरस्वती बराल र अस्पताल नर्सिङ निरीक्षक शोभा श्रेष्ठले गर्नु भएको थियो। यससगै पर्वत जिल्लामा यस आर्थिक बर्षमा स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा ४ ब्याच Onsite coaching सम्पन्न भैसकेको छ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँ अन्तर्गतको चैनपुर स्वास्थ आमा समूहको नियमित मासिक बैठक तथा चैनपुर गाउँघर क्लिनिकमा सम्पन्न भएको छ। जसमा वालवालिकाको वृद्धि विकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन तथा उपस्थित वृद्धवृद्धाहरुको रक्तचाप मापन तथा आवश्यक अनुसारको उचित परामर्श अन्य आवश्यक उपलब्ध औषधी उपचार र महिलाको स्तन क्यान्सर सम्बन्धित सम्भावित लक्षण, स्वयम चेकजाच गर्ने बिधी बारे वृहत रुपमा जानकारीमूलक सचेतना कार्यक्रम सम्पन्न भएको छ।



भुलभुले स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा नियमित खोप सँगै बालबालिकाको तौल अनुगमन र सरसफाई प्रबर्धन कार्यक्रम सम्पन्न भएको छ।



टुकुचे स्वास्थ्य चौकी, मुस्ताङ्गको आयोजनामा नियमित खोप सँगै बालबालिकाको तौल अनुगमन र सरसफाई प्रबर्धन कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य तालिम केन्द्र गण्डकी प्रदेश पोखराको वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस प्रदेश भित्र रहेका अस्पतालहरुमा कार्यरत चिकित्सक पारामेडिक्स तथा नर्सिङ कर्मचारीहरुका लागि ३ कार्यदिनको Primary Trauma Care and Basic Life Support (PTC/BLS) तालिम धौलागिरी अस्पताल वाग्लुङमा ३ समुहमा संचालन गरि सम्पन्न भएको छ। उक्त तालिमवाट कुल ६९ जना चिकित्सक पारामेडिक्स तथा नर्सिङ कर्मचारीहरु प्रशिक्षित भएका छन। साथै धौलागिरि अस्पताल यस प्रदेश भित्र Primary Trauma Care and Basic Life Support (PTC/BLS) तालिम संचालन गर्न सक्ने तालिम साइटको रुपमा विकास भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी ब.शु.पू. को आयोजनामा अस्पतालमा कार्यरत डाक्टर सरोज सिलवालको फेरी भेटौला तथा अन्य कर्मचारीहरुको स्वागत कार्यक्रम संचालन भएको छ।





आंधीखोला गाउँपालिका, स्याङ्गजाको आयोजनामा ब्रिशत आँखा शिबिर संचालन भएको छ।






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा बेशिसहर नगरपालिका, दुधपोखरी गाउँपालिका र स्वास्थ्य कार्यालय लमजुङको समन्वयमा पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धी बैठक तथा अभिमुखिकरण कार्यक्रम बेशिसहर नगरपालिका तथा दुधपोखरी गाउँपालिकामा सम्पन्न भएको छ। स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत प्रविण भन्डारी, आइटी अफिसर नवराज भण्डारी तथा स्वास्थ्य कार्यालयका तथ्यांक सहायक लेखनाथ उपाध्यायले सहजिकरण गर्नुभएको थियो।



गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालयका अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेलले कार्यक्रमको उद्धेश्य तथा सहभागीहरुलाई स्वागत गर्नुभएको थियो। कार्यक्रममा ११ जिल्लाका कार्यक्रम फोकल पर्सनहरु, सामाजिक तथा स्वास्थ्य मन्त्रालय, निर्देशनालय, शिक्षा कार्यालय, कास्की, शितलादेबी मा.बि. बिद्यार्थीहरु लगायत सहयोगी संस्थाका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो। स्वास्थ्य निर्देशनालयका अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेलले सहभागीहरुलाई किशोर किशोरी मैत्री सेवा संचालन र बिस्तारका लागी सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका अस्पताल नर्सिङ प्रशासक लगायत नर्शिङ्ग अधिकृतहरुले गर्नुभएको थियोभने कार्यक्रम संचालन नर्शिङ्ग अधिकृत दृष्टि पौडेलले गर्नुभएको थियो।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।**




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मध्यविन्दु नगर अस्पताल, मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पू) को न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा तथा प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भएको छ। मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पू) का नगर प्रमुख भिमलाल अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रमको सहजकर्ताका रुपमा मध्यविन्दु जिल्ला अस्पतालका मेडिकल अधिकृत डाक्टर अमृत भट्टराई, अस्पताल व्यवस्थापन अधिकृत बसन्त खनाल र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका उर्मिला बरालको उपस्थिति रहेको थियो। मध्यविन्दु नगर अस्पतालको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ५५% स्कोर प्राप्त गरेको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा कोपिला नेपालको सहयोगमा नेपालमै पहिलो पटक स्वास्थ्यकर्मीहरुका लागि "सेफगार्डिङ (Safeguarding) सम्बन्धि प्रदेश स्तरीय अभिमुखिकरण कार्यक्रम" संचालन भएको छ। ३ दिनसम्म संचालन भएको उक्त कार्यक्रममा गण्डकी प्रदेशभित्र रहेका प्रादेशिक अस्पतालका OCMC फोकल पर्शन, अस्पताल व्यबस्थापक, स्वास्थ्यसंग सम्बन्धित प्रादेशिक कार्यालयका कर्मचारीहरु र सुरक्षाकर्मीहरुको उपस्थिति रहेको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षतामा संचालित उक्त कार्यक्रम सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख उपस्थितिमा संचालन भएको छ। कार्यक्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेशका महानिर्देशक मनमोहन मिश्र, प्रदेश क्षयरोग केन्द्रका निमित्त निर्देशक डाक्टर रमेश आचार्य, कोपिला नेपालका बिना शिलवालको बिशिष्ठ उपस्थिति रहेको थियो।



कार्यालयमा कार्यरत कर्मचारी तथा सेवाग्राहीहरूको स्वास्थ्य र मानव अधिकारको रक्षा गर्ने उपायहरूका बारेमा जानकारी प्रदान गर्ने, दुर्व्यवहार, हानि र बेवास्ताबाट मुक्त जीवन बिताउने तरिकाबारे जानकारी दिने, विभिन्न प्रकारका विभेद, हिंसाको बारेमा जानकारी दिने, कानुनी सेवा तथा उपचारका बारेमा जानकारी दिने, कर्मचारी र सेवाग्राहीहरूलाई प्रभावकारी रूपमा सुरक्षा सन्देशहरू प्रबाह गर्ने, सुरक्षा संयन्त्रको व्यवस्थापनमा राम्रो अभ्यास गर्ने, Code Of Conduct को एकरुपता कायम गर्ने र Safeguarding को प्रारम्भिक ड्राफ्ट तयार गर्ने लगायतका मुख्य उद्धेश्य राखेको छ। सामाजिक बिकाश स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका उपसचिव चण्डिका पौडेल, स्वास्थ्य प्रशासक डाक्टर रमेश केशी, स्वास्थ्य तालिम केन्द्रका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत प्रशान्तराज शर्मा, पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका नर्शिङ्ग अधिकृत कबिता पौडेल, कोपिला नेपालका बिना शिलवालले सहजीकरण गर्ने उक्त कार्यक्रमको संयोजन तथा मुख्य सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माले गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा आकस्मिक स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती (EHS STP) को गण्डकी प्रदेश स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। ३ दिनसम्म संचालन भएको उक्त कार्यक्रममा गण्डकी प्रदेशभित्र रहेका अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको उपस्तिथी रहेको थियो। कार्यक्रम स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको प्रमुख उपस्थिति तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका डाक्टर बेदना पोखेलको प्रमुख सहजिकरणमा संचालन भएको थियो।






जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चामे मानाङको आयोजनामा नासो गाउँ पालिका वडा नं ८ ताचैमा गृहिणीहरुको लागि भान्सा सुधार कार्यक्रम संचालन भएको छ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी (पूर्व) को आयोजनामा देवचुली नगरपालिका अन्तर्गतको रजहर आयुर्वेद औषधालय र गैंडाकोट नगरपालिका अन्तर्गतको गैंडाकोट आयुर्वेद औषधालयमा आयुर्वेद सेवा कार्यक्रम लगाएत विविध विषयमा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा जिभाया नेपालको सहयोगमा विश्व मुख स्वास्थ्य दिवसको अबशरमा बिबिध कार्यक्रमको आयोजना गरि मनाईएको छ।









गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार



भिमगिठे स्वास्थ्य चौकि, बाग्लुङ्गमा धनमाया बुढाले सुरक्षित सुत्केरी सेवा लिनुभएको छ।



रघुगंगा गाउँपालिका, म्यागदी अन्तर्गतको ठाडाखानी सामुदायिक स्वास्थ्य इकाई समुद्घाटन समारोह सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय कास्कीको आयोजनामा पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अन्तरगत महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई अभिमुखीकरण कार्यक्रम संचालन भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय कास्कीका प्रमुख, स्वास्थ्य निर्देशनालयका अस्पताल नर्सिङ्ग प्रशासक माछापुच्छ्रे गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुखहरूले उपस्थिति रहेको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँ अन्तर्गतको सुकेपोखरी स्वास्थ आमा समूहको नियमित मासिक बैठक सम्पन्न भएको छ, जसमा वालवालिकाको वृद्धिविकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन तथा उपस्थित वृद्ध वृद्धाहरुको रक्तचाप मापन तथा आवश्यक अनुसारको उचित परामर्श र महिलाको स्तन क्यान्सर सम्बन्धित सम्भावित लक्षण, स्वयम चेकजाच गर्ने बिधी बारे वृहत रुपमा जानकारीमूलक सचेतना कार्यक्रम सम्पन्न भएको थियो।



स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजना र पुतलीबजार नगरपालिकाको समन्वयमा पूर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषणा कार्यक्रम कार्यानव्यनको लागी गर्भवती दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ।



राम्जा तिलाहार स्वास्थ्य चौकी, पर्बतको आयोजनामा नबजागृत मा बि तिलाहारमा बिद्यार्थी हरुको सामान्य स्वास्थ जांच कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार



स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजना र भीरकोट नगरपालिकाको समन्वयमा नियमित खोप र सरसफाइ प्रवर्धन कार्यक्रम सुदृढीकरणको लागी समिक्षा, अभिमुखिकरण तथा सुक्ष्म योजना कार्यक्रम सम्पन्न भएको छ।



मादी गाउँपालिका, कास्कीको आयोजनामा VIA स्क्रिनिंङ्ग तथा परिवार नियोजन सम्बन्धि शिविर संचालन भएको छ।



स्वास्थ्य शाखा जलजला गाउँपालिका, पर्वतको आयोजना तथा स्वास्थ्य कार्यालय, पर्वतको सहजीकरणमा स्वास्थ्यकर्मीका लागि क्षयरोग कार्यक्रमको अर्ध बार्षिक समीक्षा तथा eTB सम्बन्धि अभमुखीकरण संचालन भएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय, पर्वतका क्षयरोग कार्यक्रमका संयोजक उज्वल तिवारी, तथ्यांक अधिकृत रामचन्द्र सुवेदी लगायतको सहजीकरणमा सम्पन्न भएको छ।



प्रहरी चौकी, भंगरा, पर्वतको आयोजनामा फलेवास नगरपालिका ९ विसुनडाँडामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानिय समाजसेवी, वुद्विजिवी, महिला समुह, स्थानिय व्यक्तिहरूको उपस्थितिमा आत्महत्या रोकथाम सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन भएको छ।




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




जैमिनी नगरपालिका, बाग्लुङ्गको आयोजनामा जनता मा.बि.पैयुँ पोखरीबारीमा एस.ई.ई.दिने बिद्धार्थीहरूलाई स्वास्थ्य परिक्षण गर्नुका साथै स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



ऋषिङ्ग गाउँपालिका वडा नः २ स्थित ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाई, तनहुँमा नियमित खोप संचालन तथा २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थिति जाच साथै स्वास्थ्य आमा समुहको नियमित मासिक बैठक सम्पन्न भएको छ।



नारायणस्थान स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा "स्वस्थ जीवनका लागि स्वस्थकर खाना" भन्ने मूल नाराका साथ संचालनमा रहेको कार्यक्रम असल खानपान र नसर्ने रोग नियन्त्रणका लागि जेष्ठ नागरिकहरूसँग अन्तरक्रिया तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ। समापन कार्यक्रममा प्रमुख अतिथि बाग्लुङ नगरपालिकाका नगरप्रमुख बसन्तकुमार श्रेष्ठ, स्वास्थ्य कार्यालय प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य, स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनाल लगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको अध्यक्षता वडा अध्यक्ष चक्रबहादुर खत्रीले गर्नुभएको थियो।



ग्वालीचौर सामुदायिक स्वास्थ्य इकाई, बाग्लुङ्गको आयोजनामा नियमित तौल अनुगमन गरि सबै भन्दा धेरै पटक तौल लिनुभएको आमालाई अन्डा प्रदान गरिएको छ।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




सुरक्षित मातृ तथा नवशिशु कार्यक्रमको लागि टोलटोलमा गठन गरिएको Rapid Response Team for Pregnant Mother (PM-RRT) टिमले स्वास्थ्य चौकीबाट सुत्केरीलाई स्टेचरमा बोकेर घरसम्म पुर्याउँदै। (फोटोः- प्रकाश घिमिरे, फोप्ली स्वास्थ्य चौकी प्यूठान)



जलजला सामुदायिक स्वास्थ्य ईकाई, बाग्लुङ्गको आयोजनामा नियमित तौल अनुगमन साथै स्वस्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।



धौलागिरी अस्पतालमा कार्यरत स्टाफ नर्स सपना थापा र रमना थापालाई एक समारोहका विच विदाइ गरिएको छ।



मनाङ अस्पतालमा CME संचालन भएको छ।

# सामाहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




चापाकोट नगरपालिका, स्याङ्गजा ९ स्थित कर्लुङ भन्ने ठाउँमा बेवारिसे अबस्थामा नवजात शिशु फेला परि चापाकोट अस्पतालमा प्रारम्भिक उपचार गरि थप उपचारको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा पठाइएको छ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



पाङराङ स्वास्थ्य चौकीमा प्रतिमा कुवरले सुरक्षित सुत्केरी सेवा लिनुभएको छ।

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार



गोरखा अस्पतालको आयोजनामा मुख स्वास्थ्य सम्बन्धि CME कार्यक्रम संचालन भएको छ।



निक साईमन्स ईन्स्टिच्युट (NSI) द्वारा आयोजित १२ औं ग्रामीण स्वास्थ्यकर्मी सम्मेलनमा निक साइमन्स अवार्डबाट सम्मानित हुनुभएकोमा बागुलङ जिल्ला निसिखोला गाउँपालिकाको बोहोरागाउँ स्वास्थ्य चौकीमा कार्यरत सिअहेव कसिन्द्र शाहीलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"




म्याग्दे गाउँपालिका, तनहुँ थर्पु स्वास्थ्य चौकी तनहुँ अध्यक्ष सग सुत्केरी कार्यक्रम अन्तर्गत पोषण रकम वितरण गरिएको छ ।



गलकोट नगरपालिका, स्वास्थ्य शाखा, बाग्लुङ्गको आयोजनामा क्षयरोग मुक्त अभियान अन्तर्गत वडा स्तरिय दुई दिने सूक्ष्म योजना गोष्ठि कार्यक्रम गलकोट नगरपालिका वडा नं १ दुदिलाभाटी स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




आरुपाटा सामुदाईक स्वास्थ्य ईकाई, बडिगाड, बाग्लुङ्गको आयोजनामा नियमित माषिक सरसफाई कार्यक्रम संचालन गरिरहेको छ।




नारायणस्थान स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा बाग्लुङ नगरपालिका १४ मा विश्व क्षयरोग दिवसका अवसरमा विविध कार्यक्रम गरी क्षयरोग दिवस मनाईएको छ। क्षयरोगमुक्त नेपाल अभियानका लागि 'हो, हामी क्षयरोग अन्त्य गर्छौं'।भन्ने मूल नाराका साथ सुरु गरिएको कार्यक्रममा व्यक्ति सम्मान, २८ जनाको खकार परीक्षण, क्षयरोगसँग सम्बन्धित विषयमा स्वास्थ्य शिक्षा, प्रतिक्षालय हस्तान्तरण लगायतका कार्यक्रमहरू गरी उक्त दिवस मनाईएको हो।






Ms Gisela Hammerschmidt, Director for Asia, Federal Ministry for Economic Cooperation and Development (BMZ) लगायतका प्रतिनिधिहरुले गोरखा अस्पतालको भ्रमण गरेका छन्।



हो ! हामी क्षयरोग अन्त गर्छौं भन्ने मुल नाराका साथ विश्व क्षयरोग दिवस २०२४ को अवसरमा गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, क्षयरोग उपचार केन्द्र, पोखराले क्षयरोग कार्यक्रममा उत्कृष्ट कार्य गर्ने स्वास्थ्यकर्मिहरुलाई सम्मान गर्ने क्रममा र गण्डकी प्रदेश भरमा उत्कृष्ट कार्य गरेबापत ८०.६ अंक प्राप्त गर्दै बागलुङ जिल्ला बडिगाड गाउँपालिका स्वास्थ्य शाखा प्रमुख, जनस्वास्थ्य निरिक्षक विपेन्द्र केसी सम्मानित हुनुभएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




खोप अभियान @ नाम्खा गाउँपालिका, हुम्ला



पिठ्युमा दुधे बच्चा बोकेर जनताको सेवामा सि.अ.न.मी नविता उपाध्याय @ पचालझरना गाउँपालिका, कालिकोट




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८५, वर्ष ५, २०८० चैत्र ११, March 24, 2024 आइतबार




स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CBIMNCI) तालिम सम्पन्न भएको छ। तालिमको सहजीकरण डाक्टर विष्णुमणी अर्याल, अस्पताल नर्सिङ निरिक्षक चादनी श्रेष्ठ तथा दिपक बहादुर बोम्जनले गर्नुभएको थियो।



हो ! हामी क्षयरोग अन्त गर्छौं भन्ने मुल नाराका साथ विश्व क्षयरोग दिवस २०२४ को अवसरमा स्वास्थ्य कार्यालय, बागलुङले आयोजना गरेको पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। स्वास्थ्य कार्यालय प्रमुख बाबुराम आचार्यको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुख तथा क्षयरोग मुक्त पालिका घोषणा जिल्ला समितिका संयोजक समन्वय प्रमुख अमर थापाको उपस्थिति रहेको थियो। कार्यक्रमको स्वागत तथा क्षयरोगको बारेमा विस्तृत प्रस्तुतिकरण क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले गर्नुभएको कार्यक्रममा सन्चारकर्मिहरुका जिज्ञासा माथि बाबुराम आचार्य तथा वागलुङ नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत राम प्रसाद खनाल, धौलगिरि अस्पतालका निमित्त प्रमुख मेशु डाक्टर रेखा पौडेल सहजिकरण गर्नुभएको थियो।



स्वास्थ्य कार्यालय, स्याङजाको आयोजनामा खोप सुक्ष्म योजना सम्बन्धि कार्यक्रम सम्पन्न भएको छ।


**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com